# प्रेस विज्ञप्ति

(मिति: २०८०/०८/१२)

## टिकटक (**Tiktok**) को पहुँचमा तत्काल रोक लगाउने सम्बन्धमा

## नेपाल दूरसंचार प्राधिकरणबाट हालसम्म भए गरिएका कार्यहरु

(१) नेपाल सरकार मन्त्रिपरिषद्को २०८०|०७|२७ गतेको बैठकबाट “सामाजिक संजालको रुपमा प्रयोग भइरहेको टिकटकका माध्यमबाट सामाजिक सदभाव एवम् सामाजिक वातावरणमा नकारात्मक असर परिरहेकोले नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने” निर्णय भए बमोजिम कार्यान्बयनको लागि श्री सूचना तथा संचार प्रविधि मन्त्रालयबाट प्राधिकरण पत्र प्राप्त हुनासाथ प्राधिकरणबाट सबै इन्टरनेट सेवा प्रदायकहरु र मोबाइल सेवा प्रदायकहरुलाई नेपाल सरकारको उक्त निर्णय कार्यान्बयन गरी जानकारी गराउन सोही दिन (२०८०/०७/२७) इमेल मार्फत निर्देशन दिईएको |

(२) प्राधिकरणले इमेल मार्फत निर्देशन दिएको २४ घण्टा भित्र २२ वटा इन्टरनेट सेवा प्रदायकहरुले(साना,ठूला) टिकटकको पहुँच/प्रयोगमा रोक लगाएको भनी जानकारी गराएको र यसबाट करिव ८० प्रतिशत इन्टरनेट सेवाग्राहीहरुमा टिकटक पहुँच/प्रयोगमा रोक लगाउन सकिएको |

(३) मिति २०८०/०७/२८ मा टिकटक (Tiktok)को पहुँचमा तत्काल रोक लगाउने सम्बन्धमा प्राधिकरणले दूरसंचार ऐन, २०५३ को दफा १५ बमोजिम दिईसकेकोले निर्देशन कार्यान्बयन गर्न र उक्त निर्देशनको पालना नभएको अवस्थामा दूरसंचार ऐन, २०५३ को दफा ४७ बमोजिम कारवाही हुन सक्ने व्यहोरा सहितको सार्वजनिक सूचना प्रकाशन गरिएको |

(४) Content Platform Provider कम्पनि  Tiktok Pte. Ltd. र  ByteDance Ltd. तथा CDN Provider कम्पनिहरुलाई समेत नेपाल सरकारको निर्णय कार्यान्बयनमा सहयोग गर्न अनुरोध गरिएको |

(५) मिति २०८०/०८/०१ गते शुक्रवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा टिकटक (Tiktok)को प्रयोग/पहुँचमा तत्काल रोक लगाउने निर्णय कार्यान्बयनको सन्दर्भमा श्री संचार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसंचार प्राधिकरण, नेपाल टेलिकम,

एनसेल लगायत केही इन्टरनेट सेवा प्रदायकहरु समेतको उपस्थितिमा भएको समीक्षा बैठकमा हालसम्मको कार्य प्रगति र चुनौतीहरुको विषयमा जानकारी गराईएको |

(६) मिति २०८०/०८/०१ गते शुक्रवार प्राधिकरण बैठकबाट टिकटक (Tiktok)को प्रयोग/पहुँचमा तत्काल रोक लगाउने नेपाल सरकारको निर्णय कार्यान्बयन गर्न गराउन भनी श्री संचार तथा सूचना प्रविधि मन्त्रालयबाट प.सं. ०८०/८१ च. नं प्र.यो.म.|१०२३ मिति २०८०/०७/२७ को पत्रबाट अनुरोध भई आएको सन्दर्भमा टिकटक बन्दको अवस्था र टिकटक पूर्ण रुपमा बन्द गर्न के कस्ता उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ ? सो समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न उपसमिति गठन गरिएको |

(७) मिति २०८०/०८/०२ गते शनिवार अझै पनि टिकटक (Tiktok)को प्रयोग/पहुँच भइरहेको भए प्राधिकरणलाई जानकारी गराउन सबै इन्टरनेट सेवाग्राहीहरुलाई अनुरोध गर्दै प्राधिकरणको वेबसाईटमा सो को सूचना प्रकाशन गरिएको र मिति २०८०/०८/०३ गते आइतवार गोरखापत्र दैनिकमा पनि सो को सूचना प्रकाशन गरिएको |

(८) टिकटकको प्रयोगमा रोक लगाउने निर्णयको प्रभावकारी कार्यान्वियनको लागि मिति २०८०/०८/०५ गते मंगलबार इन्टरनेट सेवा प्रदायकहरुसंग प्राधिकरणमा बैठक गरी छलफल गरिएको र प्रभावकारी कार्यान्बयनको लागि निर्देश गरिएको | साथै प्राधिकरणबाट निर्णय कार्यान्बयन भए/नभएको अनुगमन गरिने र अझै पनि टिकटकको पहुँच/प्रयोग भईरहेको पाईएमा सेवा प्रदायकलाई कारवाही हुने व्यहोरा पनि जानकारी गराईएको |

(९) इन्टरनेट सेवाग्राहीहरुले फ्रि भि.पि.एन. को प्रयोग गर्दा सेवाग्राहीको गोपनीयता भंग हुनसक्ने, अकाउन्ट ह्याक हुन सक्ने, संबेदनशील डाटा चोरी हुनसक्ने लगायत बिभिन्न अनलाइन सुरक्षा जोखिमहरु बढ्ने भएकोले सेवाग्राहीहरुको सचेतनाका लागि Bulk SMS र CRBT/PRBT संदेश प्रवाह गर्न मोबाईल सेवा प्रदायकहरुलाई पत्राचार गरी अनुरोध गरिएको |

(१०) मिति २०८०/०८/०५ गते मंगलबार प्राधिकरणबाट फ्रि भि.पि.एन.को प्रयोग नगर्न र सो को प्रयोग गर्दा कस्ता कस्ता सुरक्षा जोखिमहरु हुन सक्छन् सो विषयमा प्राधिकरणको Website मार्फत चेतनामूलक सूचना/संदेश पनि प्रवाह गरिएको |

(११) मिति २०८०/०८/०६ गते बुधवारसम्म इन्टरनेट सेवाग्राहीहरुबाट प्राप्त हुन आएको सुचनाहरुको आधारमा कुन कुन इन्टरनेट सेवा प्रदायकहरुमा अझै पनि टिकटक चलिरहेको छ सो को पहिचान गरिएको र सोही आधारमा प्राधिकरणको निर्देशन कार्यान्बयन भए/नभएको दुई सेवा प्रदायकहरुमा स्थलगत निरीक्षण तथा जाँचबुझ गरिएको |

(१२) मिति २०८०/०८/१२ गते प्राधिकरणबाट गठित उपसमितिले प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदन श्री सूचना तथा संचार प्रविधि मन्त्रालयलाई उपलब्ध गराईएको |

(१३) नेपाल दूरसञ्चार प्राधिकरणबाट मोबाइल सेवा तथा इन्टरनेट (इमेल सहित) सेवा सञ्चालनको लागि अनुमति प्राप्त सेवा प्रदायकहरु (ISPs including Rural ISPs) जम्मा १३० वटा रहेकोमा हालसम्म ७० वटा सेवा प्रदायकहरुले टिकटक (Tiktok)को प्रयोग/पहुँचमा रोक लगाइएको भनी जानकारी गराएको ।

(१४) विभिन्न निरीक्षण टोलीहरु मार्फत नमूना परिक्षणको रुपमा १७ वटा इन्टरनेट सेवा प्रदायकहरुको निरीक्षण तथा जाँचबुझ गर्दा ६ वटामा मात्र टिकटक पूर्ण रुपमा बन्द रहेको र बाँकी ११ वटा सेवा प्रदायकहरुमा टिकटक चलिरहेको पाईएकोले दूरसंचार ऐन, २०५३ बमोजिम हदैसम्मको कारवाही किन नगर्ने भनी स्पस्टिकरण पेश गर्न पत्राचार गरिएको ।

(१५) प्राधिकरणको निर्देशन कार्यान्वयन गरी जानकारी नगराएका इन्टरनेट सेवा सेवा प्रदायकहरुलाई २४ घण्टा भित्र निर्णय कार्यान्वयन भए नभएको जानकारी गराउन र कुनै पनि जवाफ प्राप्त नभएमा प्राधिकरणबाट दूरसंचार ऐन, २०५३ बमोजिम अनुमतिपत्र खारेजी लगायतको कारवाही प्रक्रिया अगाडी बढाईने व्यहोराको सूचना मिति २०८०/०८/१२ प्रकाशन गरिएको |


**नेपाल दूरसञ्चार प्राधिकरण**

**अनुगमन महाशाखा**

**जमल, काठमाडौं**

फोन नं : ५३५५४७४, फ्याक्स नं : ५३५५२५०

**Email: info@nta.gov.np, URL: www.nta.gov.np**